## आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

यस मेलौली नगरपालिकाका नगर उपप्रमुखज्यू,
नगर सभाका सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
विषयगत शाखाका शाखा प्रमुखज्यूहरू,
अन्य कर्मचारीहरु, सञ्चारकर्मीहरु र उपस्थित महानुभावहरु।

सर्वप्रथम हाम्रो निमन्त्रणालाई स्वीकार गरी अतिथ्यता ग्रहण गरिदिनुहुने नगर सभाका सदस्यज्यूहरू लगायत आमन्त्रित सम्पूर्ण महानुभावहरू प्रति हार्दिक स्वागत अभिवादन गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलुकको चौतर्फी विकासको आकाङ्क्षा बमोजिम विभिन्न विषय क्षेत्रसङ्ग सम्बन्धित सरोकारवाला तथा नगरवासीहरूको अमूल्य सुझावहरूको सहयोगमा तयार गरिएको यस मेलौली नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम, यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

यस अवसरमा समाजको आमूल परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनासम्मको विभिन्न काल खण्डका राजनैतिक आन्दोलन, संघर्ष र क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरू प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।यी आन्दोलनको अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नुहुने अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु।

नगर स्थापनाकालदेखि नगर निर्माणको विभिन्न चरणमा नेतृत्व गर्नु हुने सबै अग्रज व्यक्तिहरू प्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

लामो समय देखिको विश्वव्यापी आर्थिक मन्दीको प्रभावबाट मुलुकको अर्थतन्त्र कमजोर बनेको छ।हाम्रो नगरपालिकामा पनि यसबाट अत्यन्तै प्रभावित बनेको छ।आर्थिक तरलता, उत्पादन तथा वितरण प्रणाली, विकास निर्माण र सेवा प्रवाहमा अवरोध सृजना भइ नगरको सम्पूर्ण मानवीय, सामाजिक र आर्थिक पक्षमा प्रतिकूल प्रभाव परेको छ।

जनआकाक्षां र स्थानिय आवश्यकताका आधारमा स्थानीय स्रोत-साधनको अत्यधिक परिचालन मार्फत आर्थिक तरलतामा सहयोग पुऱ्याउँदै पूर्वाधार विकास, उत्पादन तथा रोजगारका साथै

नगरको सर्वाङ्गिण विकासलाई मूख्य प्राथमिकता दिई समावेशी विकासको मार्गमा अगाडी बढ्न जनप्रतिनिधि, राजनैतिक दल, समाजसेवी तथा नगरवासी सबैको सद्भाव, समन्यव र सहकार्य अत्यन्त जरूरी छ।

यस मेलौली नगरपालिकाको यस सम्मानीत चौधौं नगरसभामा आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी नगरसभामा आतिथ्यता ग्रहण गरिदिनुहुने नगर सभाका सदस्यज्यूहरु लगायत सम्पूर्ण महानुभावहरु प्रति हार्दिक स्वागत अभिवादन गर्दछु ।

अब म मेलौली नगरपालिकाले आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमाका प्राथमिकताहरु उल्लेख गर्न चाहन्छु ।

क) गुणस्तरीय स्वास्थ्य तथा शिक्षा,
ख) उत्पादनशिल र आत्मनिर्भर कृषि अर्थतन्त्रको विकास,
ग) उत्पादनशिल र मर्यादित रोजगारी अभिवृद्धि,
घ) वातावरण अनुकुलन एवम् दिगो पूर्वाधार विकास,
ङ) सार्वजनिक सेवाको सुदृढिकरण र सुशासनको प्रत्याभुति,
च) दिगो, पूर्ण र उत्पादनशिल सामाजिक सुरक्षा र संरक्षणको प्रत्याभुति,
छ) स्वच्छ खानेपानी तथा सरसफाई,
ज) विकासका अवसरहरुमा समन्यायिक पहुँच,
झ) लैङ्गीक समानता र सामाजिक समावेशीकरण
ञ) श्रम सहकारी तथा कृषि सहकारी
ट) धार्मिक पर्यटन प्रवर्धन तथा खेलकूद विकास र प्रशिक्षण
ठ) लघु उद्यम, होजियारी गारमेन्ट उद्येगका लागि सिप विकास तथा प्रविधि सहयोग
ड) लक्षित बर्ग तथा अन्य वर्गको लागी सिप विकास तथा प्रविधि सहयोग

अव म आगामी आ.व. २०८१/८२ का लागी यस नगरपालिकाले आत्मसाथ गर्ने प्रमुख नीतिगत मार्गदर्शन प्रस्तुत गर्न चाहन्छु ।

१) गुणस्तरीय स्वास्थ्य सेवा र त्यसमा नगरवासीको समन्यायिक पहुँच बढाई स्वस्थ, मर्यादित र सन्तुलित जीवन पद्धतिको विकास गर्न समग्र स्वास्थ्य प्रणालीमा जोड दिइनेछ ।
२) नगर क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयको क्षमता विकास, स्रोत साधनको उपलब्धता, विद्यार्थीको भर्नादर र टिकाउदर बढाई गुणस्तरीय शिक्षा प्रणालीमा जोड दिइनेछ ।

३) नगर क्षेत्रभित्र कृषिका सम्भावनाहरुको पहिचान गरी सुदृढ र उत्पादनशील कृषि प्रणालीको विकास मार्फत दिगो उत्पादनशील स्थानीय रोजगारी सृजना, गरिवी निवारण र मानव विकासमा जोड दिइनेछ ।

४) सार्वजनिक सेवाको सुदृढीकरण, सुशासनको प्रत्याभुति मार्फत स्थानीय सरकारलाई जनउत्तरदायी, प्रभावकारी, व्यवसायिक, प्रतिष्पर्धी, समावेशी र सेवामुखी नागरिक सरकारको रुपमा विकास गरिनेछ ।

५) जनताका माग तथा आवश्यकता र सहभागितमा आधारित गुणस्तरीय दिगो पूर्वाधार विकास र त्यसबाट प्राप्त प्रतिफलको समन्यायिक वितरणमा जोड दिइनेछ ।

६) नगरक्षेत्रभित्र रोजगारीका अवसरहरुको पहिचान गरी सुरक्षित, मर्यादित रोजगार प्रणाली मार्फत नगरभित्र वेरोजगारीका समस्याहरु समाधान गरिनेछ ।

७) पर्यटकीय सम्भावनाको पहिचान गरी नगरक्षेत्रभित्र पर्यटनमा आधारित विकास र त्यसलाई बेरोजगारीको समस्या सामाधान गर्ने प्रमुख अवसरको रुपमा प्रवर्धन गरिनेछ ।

८) स्थानीय करको दायरा फराकिलो गरी नयाँ स्रोतहरुको खोजी गरेर आन्तरिक आय वृद्धि गरिनेछ ।

९) उत्कृष्ट करदातालाई सम्मान कार्यक्रम गरिनेछ।

१०) स्व-उत्प्रेणामुलक र स्व-सहभागितामुलक कर प्रणालीको विकासमा जोड दिइनेछ ।

११) नगरपालिकाका काम कारवाहिलाई विद्युतीय प्रणालीमा आवद्ध गरी सूचना र प्रविधिमैत्रि सेवा प्रवाह र विकास व्यवस्थापनमा जोड दिइनेछ ।

१२) नगरक्षेत्रमा औद्योगिक, व्यापारिक, व्यवसायिक, कृषिजन्य तथा पर्यटकीय क्षेत्रलाई सृदृढ तथा व्यवस्थित गरी आर्थिक क्रियाकलाप विस्तार गरिनेछ ।

१३) सार्वजनिक, निजी सहकार्य र साझेदारीको माध्यमबाट नगरहीतका क्षेत्रमा कार्यहरु सञ्चालन गर्नेतर्फ जोड दिईनेछ।

१४) लैङ्गिक उत्तरदायी शासन प्रणाली प्रवर्धन गर्न महिलाको समग्र उत्थान, सशक्तिकरण तथा लैङ्गिक समानता, हासिल गर्न र लैङ्गिक हिंसाको अन्त्य गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

१५) सीपमूलक एवम् उद्यमशील तालिम मार्फत यस नगरपालिका भित्र रहेका मुक्त कमैया, दलित, आदिवासी, जनजाती, विपन्न परिवारका सदस्यहरुलाई रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा संलग्न गराई उनीहरुको आर्थिक विकासमा जोड दिइनेछ ।

१६) नगरपालिकालाई स्वस्थ, सफा, सुन्दर, हराभरा राख्न वैज्ञानिक फोहर व्यवस्थापन, हरियाली प्रवर्द्धन र नागरिकको जीवनपद्धतिलाई पर्यावरणसँग आवद्ध गरिनेछ ।

१७) नगरपालिकामा प्लाष्टिक प्रयोगलाई निरुत्साहनका लागि पुनः प्रयोग गर्न सकिने र स्थानीय उत्पादनमा आधारीत हाते झोला र डस्टवीनहरुको प्रयोग बढाईनेछ ।

१८) सम्भावित जोखीम तथा विपद्हरुको पहिचान, विपद् जोखीम न्युनीकरण, पुर्वतयारी, शिघ्र प्रतिकृया, उद्धार, राहत, पुनः निर्माण र पुनः स्थापनाका हरेक पक्षमा नगरको क्षमता विकास र उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरिनेछ।

१९) जनताको क्षमता विकास र सशक्तिकरण गरी स्थानीय स्तरबाट सक्षम नेतृत्व, जिम्मेवार नागरिकको विकास गर्न जनताको माग र आवश्यकताका आधारमा तालिमहरु सञ्चालन गरिनेछ ।

२०) स्थानीय शासनका हरेक पक्षमा नागरिकको सहभागिता र संलग्नता मार्फत स्थानीय स्तरबाट सुसंस्कृत दिगो लोकतान्त्रिक शासन प्रणालीको विकास गरिनेछ ।

२१)स्थानीय भाषा, साहित्य, कला र संस्कृतीको सम्बर्धन र प्रवर्धन गरिनेछ ।

२२) नगरपालिकालाई वालश्रममुक्त नगरपालिका घोषणा गरिनेछ । वालवालिकाको हक र अधिकारका लागि आवश्यक अन्य व्यवस्था गरिनेछ ।

२३)स्थानीय न्यायीक समितिलाई थप प्रभावकारी बनाई न्याय सम्पादन कार्य छिटो छरितो र प्रभावकारी रुपबाट आगाडी बढाइने छ ।

२४) सुदूरपश्चिम प्रदेशको प्रमुख धार्मिक, साँस्कृतिक पर्यटन गन्तब्य मेलौली भगवती मन्दिर प्रबर्धन एवं मेलौली नगर क्षेत्र भित्रका पर्यटकीय गन्तब्यहरुको अभिलेखिकरण तथा प्रबर्द्धन गरिनेछ ।

२५) नगर स्टेडियम बिट्ठनेलाई प्रदेश स्तरको खेलमैदानका लागी ब्यवस्थीत र स्तरोन्नती गर्दै सम्भाब्यताको आधारमा एक वडा एक खेल मैदान निर्माण गरी खेलकूद क्षेत्रलाई सबल बनाइने छ ।

२६) नगरपालिकाभित्र सञ्चालित उद्योग, होजियारी गारमेन्ट उद्योग, लक्षित वर्ग तथा अन्य वर्गका लागि सिप विकास तथा प्रविधि सहयोग गरी सबल बनाइने छ ।

अव म आ.व. २०८१/८२ को क्षेत्रगत नीतिगत मार्गदर्शन प्रस्तुत गर्न चाहन्छु ।

**क) आर्थिक विकास**

**<u>कृषि तथा पशुपंक्षीः</u>**

१. “समृद्ध मेलौली नगरपालिका निमार्णको आधार, आधुनिक कृषि, पर्यटन र स्वरोजगार” भन्ने मूल नाराका साथ कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरि नगरपालिकाको निर्यात प्रर्वधन गरिनेछ ।

२. निर्बाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गरिनेछ ।

३. जैविक खेतीको प्रर्वधन मार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुर्याइनेछ ।

४. पशुपंक्षि पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपंक्षीजन्य पदार्थको निर्यात प्रर्वधन गरिनेछ ।
५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृति निरुत्साहित गर्दै बाझो रहेका कृषि भुमीको दिगो उपयोगका लागी उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ ।
६. कृषि उपज उत्पादन, प्रसोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अबलम्बन र आधुनिकरण गरिनेछ ।
७. कम्तीमा १० जना युवाहरु मिलेर सञ्चालन गरेको कृषि परियोजनालाई अनुदानको व्यवस्था गरिनेछ ।
८. जडिबुटी तथा कृषि खेति गर्ने किसानलाई उत्पादनमा अधारित अनुदानको ब्यवस्था गरिनेछ ।

**<u>सिचाई :</u>**

१. परम्परागत सिचाई संरचनामा सुधार गर्दै नयाँ वैकल्पीक सिचाईँ स्रोतको पहिचान गरिने छ ।
२. कृषि योग्य जमिनमा सिचाईको पहुँच वृद्धि गर्न दिगो सिचाईँ प्रणालीको विकास तथा व्यवस्थापन गरिनेछ ।
३. सिचाइँको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरि प्राथमिकताको सूची तयार गरिनेछ ।
४. सतह सिचाईँको सम्भावना नभएको क्षेत्रमा लिफ्टिङ प्रणालीबाट सिचाईँ गर्न योजना तथा लागत इष्टिमेट तयार गरिनेछ ।

**<u>पर्यटन :</u>**

१. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलहरुको प्रचार प्रसार गरिनेछ ।
२. पर्यटकीय पूर्वाधारको विकास र विस्तार गरिनेछ ।
३. पर्यटकिय मानव संसाधनको विकास गरिनेछ ।
४. पर्यटकीय स्रोत साधनको व्यवस्थापन गरिनेछ ।
५. धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्बर्धन गरिनेछ ।
६. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र संस्कृतिक सम्पदाको पुनः निमार्ण, जीर्णोदार र व्यवस्थापन गरिनेछ ।
७. वेवसाइट, युट्युव, फेसबुक, ट्विटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवश्यक प्रचार प्रसार गरिनेछ ।

८. पर्यटन क्षेत्रको विकासका लागी स्थानीय निजी क्षेत्रलाई आह्वान गरिने छ ।
९. सांस्कृतिक सम्पदालाई संरक्षण गर्न बहुसांस्कृतिक संग्राहलयको स्थापना गर्नुका साथै स्थानीय कला, भाषा, लिपी, संस्कृति र ऐतिहासिक वस्तुहरूको प्रदर्शनका माध्यमवाट आन्तरिक बाह्य पर्यटकको गनतव्यको रुपमा विकास गरिनेछ ।
१०. नगरपालिकाभित्र पर्ने पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिको श्रब्य र दृश्यसहितको विभिन्न दस्तावेजहरु तयार गरी संरक्षण गरिनेछ ।
११. पालिका क्षेत्रभित्रका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ ।
१२. पालिकाभित्र सामान्य रुपमा सम्भावना देखिएका योजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।
१३. पूर्वाधार निमार्णका लागि आवश्यक जग्गा खरिद तथा अधिग्रहण गरिनेछ।
१४. देशको पर्यटनको गन्तब्यमा समाहित सुदूरपश्चिम प्रदेशको प्रमुख धार्मिक पर्यटकीय स्थल मेलौली भगवति मन्दिर क्षेत्रमा सञ्चालित पर्यटन पुर्वाधार कार्यक्रम आ.ब.२०८१।०८२ मा सम्पन्न गरी सो क्षेत्रलाई राष्ट्रिय सम्पादा सूचीमा सूचीकृत गर्न पहल गरिनेछ ।

<u>उद्योग, व्यापार, र व्यवसाय :</u>

१. नगरपालिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाइनेछ ।
२. स्थानीय स्रोत, सीप, जनशक्ती र साधनको अधिकतम परिचालन गरिनेछ ।
३. उत्पादित वस्तुहरुको विक्रि वितरणका लागि बजार तथा हाट बजारको व्यवस्थापन गरिनेछ ।
४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्वपूर्ण अंगको रूपमा विकास गरिनेछ ।
५. जडीवुटी उत्पादन, प्रसोधन तथा निकासीमा जोड दिइनेछ ।
६. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादेखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइने छ र साना उद्योगहरुलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।
७. स्थानीय स्तरमा सञ्चालित होजियारी गारमेन्ट उद्योग, लघुउद्यम, उत्पादनशील उद्योग एवं लक्षित बर्ग तथा अन्य वर्गका लागी सीप विकास र प्रविधी हस्तान्तरणमा अनुदान तथा सहयोगको व्यवस्था गरीनेछ ।

८. एक स्थानीय तह, एक ग्राम उद्योग अन्तर्गत मेलौली नगरपालिका ५ को डि.पि.आर. अनुसार काम अगाडि बढाउन बाँकी रहेका कार्यहरु यथाशिघ्र सम्पन्न गर्न सरोकारवालासंग समन्वय गरी कार्यक्रमलाई अगाडी बढाइनेछ ।

९. नगरपालिकाभित्र कार्यालय प्रयोजनका सामग्री खरीद गर्दा स्थानीय उद्योगका उत्पादनलाई पहिलो प्राथमिकता दिइनेछ ।

**<u>श्रम, रोजगारी र सामाजिक सुरक्षाः</u>**

१. नगरपालिकाभित्र रहेका बेरोजगार युवाहरुको अभिलेखिकरण गरी स्वावलम्बन, स्वरोजगारी एवं रोजगारीका लागी सिप तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२. वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्तीमा वृद्धि गर्न रिटर्न नेपाल कार्यक्रम लागू गरिनेछ ।
३. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागी सेवा सुविधाको विस्तार गरिनेछ ।
४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सघन दलितका बस्ती भएका क्षेत्रलाई विशेष क्षेत्र घोषणा गरि आर्थिक र समाजिक विकास, पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ ।
५. सम्बन्धित सरोकारवालाहरुसंगको समुन्वय तथा सहकार्यलाई बढावा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवा प्रवाह गरिनेछ ।
६. वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सीप, दक्षता र क्षमताको व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ ।
७. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धीमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागी सम्बन्धित सरोकारवालासँग समन्वय तथा सहकार्य गरिनेछ ।
८. सामाजिक सुरक्षा सम्बन्धी आवश्यक कानुनी दस्तावेज तयार गरिनेछ ।
९. व्यबस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत लक्षित बर्गको पहिचान गरि आवश्यक भएमा थप एकिकृत योजना तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।
१०. घरेलु हिंसा पिडीत, शारीरिक रुपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न नागरिकका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ र आफू एक्लो नभई पालिका साथमा रहेको अनुभुति प्रदान गरिनेछ ।

११. अमर्यादित मदिरा बेचविखन र सेवनको नियन्त्रण गर्न मदिरा सेवन परिचय पत्रको व्यवस्था गरिने छ ।

१२. मदिरा, सूर्तिजन्य, धुम्रपानको बेचविखन कार्यलाइ प्रचलित नियमानुसार व्यवस्थित गरिने छ । लागू औषधी दुर्व्यसनिका विरुद्ध नेपाल प्रहरीसंग साझेदारीमा शसक्त अभियान संञ्चालन गरिनेछ ।

१३. सामाजिक विकृति, कुरीती, जातीय छुवाछुत तथा भेदभाव लगायतका बिभिन्न नकारात्मक गतिविधीहरू न्युनिकरणका लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१४. नगरपालिका क्षेत्रभित्र बन्ने सार्वजनिक पूर्वाधार र संरचना अपाङ्ग र लैङ्गीकमैत्री बनाइनेछ ।

## बैंक, सहकारी

१. "एक वडा एक श्रम सहकारी, स्थानीयस्तरमा नै स्वरोजगारी" कार्यक्रम लागू गरिनेछ ।

२. पालिका स्थरमा स्थानीय सहकारीको स्थापनाको लागी सम्भावना अध्ययन गरिनेछ ।

३. पालिका क्षेत्रभित्र रहेका वित्तीय सहकारी, कृषि समूह, ऋण तथा वचत समूहको कर्जा प्रवाह क्षेत्र किटान गरिनेछ । कृषि र पर्यटन क्षेत्रमा लगानीका लागी साझेदारी गरिने छ ।

४. विगतमा नेपाल सरकारवाट अनुदान पाएका, नागरिकको बचत संकलन गरेर निस्क्रिय रहेका सहकारी, समूह तथा संस्थाहरुलाई सक्रिय गरिनेछन् ।

५. पालिका क्षेत्रभित्र पर्ने सम्पूर्ण सहकारी र कृषि समूहको लगानी एकिकृत गर्दै पालिका स्तरमा एकिकृत सहकारी सञ्चालन गरिनेछ र नागरिकको बचत वाफत उठेको रकम बराबरको रकम स्थानीय सरकारले लगानी गरी एकिकृत सहकारी संञ्चालनको निति अवलम्वन गरिनेछ ।

६. परियोजनामा आधारित लगानीको लागी वित्तिय संस्था र बैंकसंग साझेदारी गर्ने निति अबलम्बन गरिनेछ ।

७. सामूहिक जमानि, परियोजना धितो, सर्टिफिकेट धितो राखेर उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने संस्था, समूह र व्यक्तिका लागी वित्तिय संस्थाहरुसंग सहकार्य गर्ने निति कार्यान्वयन गरिनेछ ।

## ख) सामाजिक विकास

### शिक्षा, युवा तथा खेलकुद

**शिक्षा**

१. सबै नेपालीलाई देशभक्त, भविष्यप्रति आशावान, सभ्य, सुसंस्कृत, योग्य, प्रतिस्पर्धी, उद्धमशील, सिर्जनशील, सकारात्मक सोचयुक्त र आत्मविश्वासी नागरिक तयार गर्ने नेपाल सरकारको नीतिलाइ आत्मसात गर्दै मेलौली नगरपालिकाको शिक्षा नीति तयार गरिएको छ । सामुदायिक विद्यालयलाइ गुणस्तरीय शिक्षाको केन्द्रको रुपमा विकास गरी गुणस्तरीय, व्यवहारिक, प्रयोगात्मक र २१ औं सताब्दी अनुकूलको शिक्षा पद्दतिको सुनिश्चितता गरिनेछ ।

२. नगर शिक्षा योजना र शिक्षासंग सम्बन्धित वैज्ञानिक नीति, योजना कार्यविधि निर्माण गरी पालिकाका विद्धमान शैक्षिक समस्या सम्बोधन गरिनेछ।

३. राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा सृजित ज्ञान तथा सीपलाई स्थानीय आवश्यकता अनुरुप परिमार्जित गरी योग्य र सक्षम नागरिक उत्पादन तर्फ शैक्षिक क्रियाकलापलाई केन्द्रित गरिनेछ ।

४. शिक्षामा क्रमस ICT प्रयोगको सुनिश्चितता गरिनेछ । विद्यालयहरुलाइ विद्युतीय सञ्चारको नेटवर्कमा जोडी विद्यालयहरुविच तथा शिक्षा शाखाविचको अन्तरक्रियालाई सुदृढ पारिनेछ । नगर भित्रका शैक्षिक गतिविधिहरुमा एकरुपता कायम गरिनेछ । एक विद्यालय एक ICT शिक्षकको व्यवस्था गर्दै लगिने छ।

५. समृद्धीको आधारः शिक्षामा गुणात्मक सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

६. नगर विद्यालय सुधार कार्यक्रम मार्फत विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय सुधार गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति गरिनेछ । २०८०-२०९० लाइ सार्वजनिक विद्यालय सवलीकरण दशकको रुपमा मनाइनेछ । एक वडा एक नमुना विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्येक वडामा एउटा/एउटा नमुना वालविकास केन्द्र बनाई क्रमश सबै वालविकास केन्द्रलाई वालमैत्री, अपाङ्गमैत्री, समतामूलक र आकर्षक स्थलको रुपमा स्थापित गरिनेछ ।

७. उच्च शिक्षालाई थप गुणस्तरीय, व्यवस्थित तथा प्रतिस्पर्धी बनाउन क्याम्पसको क्षमता विकास गरिनेछ । नयाँ क्याम्पस स्थापना गर्न प्रोत्साहन गरिनेछ । मणिलेक क्याम्पसलाई दिइँदै आएको अनुदानलाई निरन्तरता कायम गर्दै प्रस्तावित दुर्गास्थान क्याम्पसको लागि आवश्यक अनुदानको व्यवस्था मिलाईने छ।स्थापना गर्दा प्राविधिक कलेजहरुलाइ प्राथमिकता दिईनेछ ।

८. विद्यार्थीको चौतर्फी विकासको लागि शैक्षिक कार्यक्रमका साथसाथै अतिरिक्त क्रियाकलापलाई प्रोत्साहन गरिनेछ । विद्यालयस्तरीय, अन्तर विद्यालयस्तरीय तथा नगरस्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम प्रवर्धन गरिनेछ ।
९. शैक्षिक नेतृत्वको पेशागत तथा नेतृत्व क्षमता विकास गरी विद्यालयको व्यवस्थापकीय चुस्ततालाइ सुदृढ गरिनेछ । शैक्षिक नेतृत्वसंग विद्यालय सुधारका अपरेशनल प्लान एण्ड स्टेटेजिक प्लान (Operational Plans and Strategic Plans) माग गरी सोको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गरिनेछ ।
१०. शिक्षकहरुको पेशागत क्षमता विकासको लागि तालिमको व्यवस्थापन गरिनेछ । शिक्षक स्वमूल्याङ्कन मापदण्ड तयार गरि उत्कृष्ट शिक्षकलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
११. विद्यार्थीको उपलब्धिलाई शिक्षकको कार्यसम्पादनसङ्ग प्रत्यक्ष आवद्धता गरिनेछ । शैक्षिक उपलब्धि तथा गुणस्तर कमजोर हुने विद्यालयलाई उचित उपचारको व्यवस्था गरिनेछ ।
१२. विद्यालयको विस्तृत प्रोफाइल तयार गरिनेछ । प्रोफाइलको आधारमा विद्यालयका सबल र दुर्बल पक्षको सूक्ष्म चिरफार गरी विद्यालयको आवश्यकताको उचित रणनीति तयार गरिनेछ ।
१३. शैक्षिक गुणस्तर सुनिश्चितताको लागि आवश्यक भौतिक पूर्वाधारको विकास गरिने छ । पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपांगमैत्री तथा लैंगिकमैत्री बनाइने नीति लिइनेछ । प्रभावकारी दण्ड र पुरस्कारको व्यवस्था गरी स्रोत साधनको समुचित प्रयोगको सुनिश्चितता गरिनेछ ।
१४. मौलिक भाषा, लोक संगित, संस्कृति र कला सम्बन्धी सामाग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ ।
१५. निजि क्षेत्रबाट संचालित विद्यालय, सामुदायिक सिकाई केन्द्रहरुको गुणस्तर अभिवृद्धिका लागि उचित कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । प्रदेश सरकार सङ्गको समन्वयमा विद्यालय शिक्षा बाहिर रहेका किशोरी, प्रौढ तथा बृद्धहरुको लागि अनौपचारिक कक्षाहरु संचालन गरिनेछ।
१६. सामुदायीक सिकाई केन्द्रहरु संचालनमा रहेका वडाभित्रका किशोरी तथा प्रौढ समुहहरु सि.एल.सि.द्वारा व्यवस्थित गर्दै सि.एल.सि. नभएका वडाहरुमा एक वडा एक सि.एल.सि. स्थापना का लागि आवश्यक ब्यवस्था गरिनेछ।
१७. विद्यार्थी संख्याको आधारमा दरवन्दी माग गरी न्यून पारिश्रमिकमा काम गर्नुपर्ने शिक्षकको वाध्यता हटाइनेछ।

१८. विद्यालयमा लागू औषध दुर्व्यसनलाई निरुत्साहित गर्न आवश्यक मापदण्ड तयार गरि प्रभावकारी रुपमा कर्यान्वयन गरिनेछ ।साथै प्रहरीसंगको समन्वयमा यसवारे सचेतना अभियान संचालन गरिनेछ।

१९. पिछडिएका जातजातति, दलित तथा गरिव समुदायवाट SEE मा सर्बोत्कृष्ट अङ्क प्राप्त गर्ने छात्रछात्रा, गरीव तथा जेहेन्दार र टुहुरा बालबालिकाहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृतिको व्यवस्था गरिनेछ।

२०. मेलौली नगरपालिकाभित्र वेद विद्याश्रमको स्थापना गरी त्यसमा सङ्गित विधाको लागि पनि पूर्वाधारको विकास गर्न पहल गरिनेछ ।उत्कृष्ट र नमुना विद्यालयको शैक्षिक तथा प्रशासनिक पक्षको अध्ययन अवलोकन गरी सो मार्गतर्फ प्रेरित गर्न शाखा तथा विद्यालयको लागि अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

२१. विद्यालयमा पुस्तकालय तथा प्रयोगशालाहरुको स्थापना तथा विकास गर्दै लगिनेछ ।

२२. पढाइसङ्गै सीप भन्ने अभियानका साथ माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई सीपमूलक तालिम प्रदान गरिनेछ।

२३. नगरले प्राविधिक शिक्षामा जोड दिने नीति लिनेछ । नगरभित्र प्राविधिक विद्यालय संचालन तथा तिनीहरुको क्षमता तथा गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ । साथै प्राविधिक शिक्षामा समावेशी समतामूलक तवरले सबैको पहुंच सुनिश्चितता तथा गुणस्तर अभिवृद्दि गर्न छात्रा छात्रवृत्ति, विपन्न लक्षित छात्रवृत्तिको व्यवस्था गरी नगरपालिकामा नगर र अभिवावकको सहभागितामा प्राविधिक छात्रवृत्ति कोष खडा गरिनेछ।

२४. वाल कक्षाका शिक्षकहरुको क्षमता विकास गरी वालकक्षाको गुणस्तर अभिबृद्धि गरिनेछ । छनोट गरिएका बाल शिक्षकहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२५. वार्षिक परीक्षाको नतिजाको आधारमा उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रमलाई कक्षा-८,१० र कक्षा १२ मा लागु गरिनेछ ।

२६. शिक्षक नियुक्ति तथा अन्य शैक्षिक परामर्श आदिको लागि शिक्षकको विज्ञसुची प्रकाशन गरिनेछ ।

२७. युवाहरुको लागि सिपमुलक तालिमको व्यवस्था गरी उनीहरुमा उद्यमशिलताको विकास गरिनेछ ।

२८. नगर क्षेत्रमा विज्ञान तथा प्रविधियुक्त शिक्षाको प्रवर्धन गर्न तथा विज्ञान शिक्षा प्रति रुची जगाउन नगरस्तरीय विज्ञान प्रदर्शनी आयोजना गरिनेछ । उक्त प्रदर्शनिमा उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।

२९. विद्यार्थी मूल्याङ्कनलई प्रभावकारी बनाइने छ । शैक्षिक सुधारको लागि निर्माणात्मक मूल्याङ्कनमा जोड दिइने छ । विद्यार्थीको हरेक प्रस्तुति अभिभावक समक्ष पुर्याउने व्यवस्था गरिनेछ । साथै पारदर्शि परीक्षाको ब्यवस्था मिलाइने छ ।

३०. नगर शैक्षिक कार्यतालिका निर्माण गरी नगर स्तरीय शैक्षिक कार्यक्रममा एकरुपता ल्याइनेछ ।

३१. नगर स्तरीय शैक्षिक गतिविधिको सुपरीवेक्षण, अवलोकन तथा मूल्यांकनलाई प्रभावकारी बनाउनका लागि शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा युवा तथा खेलकूद शाखा मेलौली, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, विषयविज्ञहरु, शिक्षाविद लगायत सम्पूर्ण सरोकारवालाहरुद्वारा विद्यालयको शैक्षिक, भौतिक, आर्थिक, प्रशासनिक सुशासन लगायतका सर्वाङ्गीण पक्षको संयुक्त अनुगमन गरी शैक्षिक सुधार गरिनेछ । मावि शिक्षकको संयोजकत्वमा परीक्षा तथा अनुगमन शाखा बनाइ कार्यलाइ सहज बनाइने छ । संयोजक खटाउँदा यसअघि RT तथा RP को रुपमा सेवा गरेका ब्यक्तिहरुलाइ प्राथमिकता दिइने छ ।

३२. नगर अनुदानबाट पारिश्रमिक प्राप्त गर्ने शिक्षकको रिक्त हुने पदको अनुमति रोकी कार्यरत शिक्षकहरुलाई प्रोत्साहन गरिनेछ ।

३३. प्राथमिक कक्षाका विद्यार्थीलाई उचित खाजाको व्यवस्थापन गरी पोषणको सुनिश्चितता गरिनेछ।

३४. प्राथमिक कक्षाका विद्यार्थीलाइ लक्षित गरी प्रत्येक विद्यालयमा क्रमशः प्ले स्टेशन (Play Station) को व्यवस्था गरिनेछ।

३५. आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) पास गरिसकेपछि यो पालिका छोडेर बाहिर गई अध्ययन गर्ने प्रचलन हटाउनका लागि विद्यार्थीलाई पालिकामै अध्ययन गर्न/गराउन प्रोत्साहन गरिने छ ।

३६. कुनै एकजना राष्ट्रिय शिक्षाविदको समुपस्थितिमा एक शैक्षिक सत्रमा कम्तीमा एक पटक वृहत शैक्षिक सम्मेलनको आयोजना गरिनेछ।

३७. विद्यालय नक्साङ्कन गरी विद्यालय सेवाक्षेत्रभित्रको विद्यालय उमेरको जनसङ्ख्याको तथ्याङ्क सङ्कलन गरेर साक्षर/निरक्षरको यथार्थ तथ्याङ्क लिइनेछ ।

३८. वैज्ञानिक, वस्तुनिष्ठ र कानूनी मापदण्डका आधारमा विद्यालय समायोजन तथा शिक्षक दरवन्दी समायोजन लाई नियमित प्रकृयाको रुपमा विकास गर्दै लगिनेछ।

३९. विषयगत रुपमा शिक्षकहरुको पालिका स्तरीय, अन्तरपालिका स्तरीय अन्तरक्रिया/छलफल कार्यक्रम सञ्चालन गरिनेछ ।साथै तालिम सञ्चालनको लागि विद्यालयसङ्ग सहकार्य गरि आवश्यक प्रवन्ध मिलाईनेछ।

४०. ११,१२ कक्षा संचालित विद्यालयहरुमा विद्यार्थी संख्या र विषयगत संकाय (faculty) हेरी विद्यालयलाई सञ्चालन व्यवस्थापन परियोजनार्थ पालिकाबाट एकमुष्ट रुपमा अनुदान उपलव्ध गराइनेछ।साथै प्राविधिक धारतर्फ पालिका भित्र नरहेका संकाय/विधामा पालिकावाहिर विद्यार्थि सम्मिलित गराउनका लागि छात्रवृतीको प्रयोजनार्थ मापदण्ड तयार गरि छात्रवृतीको व्यवस्था मिलाईने छ ।

४१. शिक्षकले कक्षा शिक्षणका क्रमामा कक्षाकोठामा विताएको समयको समग्र गतिविधिहरुको मूल्याङ्कन प्रत्येक विद्यार्थिद्धारा गर्न आवश्यक प्रवन्ध मिलाईनेछ ।

४२. नेपालको तीन तहको राज्यको पुनर्संरचनानुसार रणनैतिक शिक्षा विकास योजना तयार गरिनेछ।

४३. आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण परीक्षालाई थप मर्यादित, व्यवस्थित र स्तरयुक्त बनाइनुका साथै आन्तरिक परीक्षालाई समेत व्यवस्थित, मर्यादित र विश्वसनिय बनाउनका लागि नगरपालिकाबाट आर्थिक र प्राविधिक सहयोग उपलव्ध गराइने छ।

४४. शिक्षा क्षेत्रको समग्र विकासका लागि पालिकाको शिक्षा क्षेत्रमा लगानी बृद्धि गर्दै लगिने छ । एक नगर एक शिक्षाको निति लिई नगरपालिकाभरी शिक्षामा एकरुपता कायम गरिनेछ ।

४५. गुणस्तरीय शिक्षाका लागि नगरपालिकाका शैक्षिक समस्या, अवसर र चुनौती पहिचान गरी दीर्घकालीन/अल्पकालिन/आवधिक र तल्कालिन योजना निर्माण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

४६. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ (संशोधन सहित) अनुसार पालिकाको स्थानीय पाठ्यक्रम (आधारभूत तह कक्षा १-३ र कक्षा कक्षा ४-८) परिमार्जन सहित निर्माण गरिनेछ। स्थानीय तहको पाठ्यक्रमलाई प्रभावकारी तवरले लागु गरिनेछ । साथै क्रमशः तहगत रुपमा पाठ्यपुस्तकको पनि निर्माण गरिनेछ।

४७. पालिकाभित्र १ शिक्षा तालिम केन्द्रको स्थापना गरी विज्ञ प्रशिक्षक पालिकाबाटै तयार गर्ने रणनीति अपनाइनेछ।

४८. माध्यमिक तहसम्मको शिक्षा निःशूल्क हुने प्रावधानलाई प्रभावकारी तवरले कार्यान्वयन गर्न/गराउनका लागि नगरपालिकाले शिक्षक तथा अन्य पक्षको व्यवस्थापनका लागि विद्यालयलाई आवश्यक अनुदान उपलव्ध गराउनेछ।

४९. विद्यालयको आवश्यक्ता र विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक अनुदान कोटाको निर्धारण गरिनेछ।

५०. प्राकृतिक र धार्मिक महत्व बोकेको ग्वाल्लेक धामलाई निकुञ्ज वा आरक्षको रुपमा स्थापना गर्न पहलकदमि बढाइने छ।

५१. सामुदायिक विद्यालयहरुले वि.व्य.स.को निर्णयअनुसार कुनै एकमात्र माध्यमबाट कक्षा संचालन गर्दा निःशुल्क संचालन गर्नुपर्ने, तथा कुनै दुई माध्यमबाट अलग अलग कक्षा संचालन गर्दा अभिभावको सहमतिमा सशुल्क रुपमा समेत कक्षा संचालन गर्न सक्ने व्यवस्था मिलाईनेछ । त्यस्ता विद्यालयहरुमा नेपाल सरकारले निर्धारीत गरेको पाठ्यपुस्तकको रकम र खाजा बाफतको रकम सबै विद्यार्थीलाई अनुदान दिने कार्यलाइ निरन्तरता दिइने छ ।

५२. पालिकाभित्र एउटा सङ्ग्रहालयको स्थापना गरिनेछ।

५३. शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन कार्यलाई अगाडी बढाइने छ। विद्यालय समायोजन मापदण्ड भित्र नभएका तर स्वस्फुर्त समायोजनमा जाने विद्यालयहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

## युवा तथा खेलकूद

१. शिक्षकलाई खेलकूदको तालिम दिई विद्यालयमा खेलकूद प्रवर्धन गरिनेछ।

२. प्रतिभावान बालबालिकालाई खेल छात्रवृतीको व्यवस्था मिलाईनेछ।

३. राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडीहरुलाइ सम्मान गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।

४. नगरस्तरमा आयोजना तथा सञ्चालन हुने सम्पुर्ण खेलहरुलाई व्यवस्थित गर्दै सोका लागि माध्यमिक तहको स्थायी शिक्षक सदस्य सचिव हुनेगरी आर्थिक अधिकार सहितको खेलकूद समितिका लागि मापदण्ड तयार गरि लागु गरिनेछ । नगर खेलमैदानलाई स्तरोन्नती र व्यवस्थित गरिनेछ। नगरका खेलकुद प्रतियोगिता तथा प्रशिक्षण कार्यकमहरुलाई मितव्ययी बनाउन र खर्च सिमाभित्र रहि कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।

५. छनोट गरिएका उत्कृष्ट खेलाडीलाई पुरस्कृत गरिनेछ । विभिन्न क्लवहरुको स्थापना गरी खेलकुद विकासलाइ प्रोत्साहन गरिनेछ ।

६. नगरपालिकाको खेलकूद क्षेत्रमा विकास गरी राष्ट्रिय अन्तर्राष्ट्रीय क्षेत्रमा प्रतिष्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गरिनेछ।

७. पालिका भित्र संचालित विद्यालयहरुलाई शैक्षिक सामग्री तथा खेल सामग्री वितरण गरिनेछ।

८. नगरपालिका भित्रका सिनियर खेलाडीहरु समेतलाई विभिन्न खेलहरुमा खुला प्रतिस्पर्धा गराउन नगर स्तरमा मेयर कप सञ्चालन गरिनेछ ।

**स्वास्थ्य**

१. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवाहरुलाई न्यूनतम सेवा मापदण्डको आधारमा गुणस्तरीय बनाउन आवश्यक पहल गरिनेछ ।
२. स्वास्थ्य क्षेत्रमा अहोरात्र खटीएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु लाई प्रदान गर्रिंदै आएको यातायात खर्चलाई निरन्तरता दिदै स्वास्थ्य स्वयंसेविका कोषलाई व्यवस्थित गराईने छ । साथै स्वास्थ्य स्वयंसेविका क्षमता विकास अभियानलाई थप निरन्तरता दिंदै आमा समुहलाई सुदृढिकरण गरिनेछ ।
३. आगामी आ.व. मा नगर अस्पताल निर्माण कार्यको सुरुवात गरिनेछ ।
४. आधारभूत तथा आकस्मीक स्वास्थ्य सेवामा सबै नगरबासीको पँहुच सुनिश्चित गरिनेछ ।
५. प्रत्येक छ महिनामा स्वास्थ्य संस्थाबाट टाढा रहेका टोल वस्तीमा जेष्ठ नागरीक तथा अपांगहरुको एकिकृत स्वास्थ्य शिविर "जनतासँग मेयर कार्यक्रम" सञ्चालनमा ल्याईनेछ ।
६. "मुस्कान सहितको स्वास्थ्य सेवा" प्रदान गर्न नसर्ने रोगका आवश्यक कार्यक्रम सञ्चालनमा ल्याईने छ ।
७. महामारी तथा प्रकोपजन्य रोग नियन्त्रणालाई प्राथमिकिकरणमा राखि पूर्व तयारी, आवश्यक पूर्वाधार ब्यवस्थापन र क्षमता विकासमा जोड दिईनेछ ।
८. धुम्रपान, मध्यपान र लागुपदार्थको बेचविखनलाई नियमन गर्न स्थानीय संघ-सस्थाहरु सँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
९. “मेलौली नगरपालिका, स्वस्थ नगरपालिका” अभियान सञ्चालन गर्न आवश्यक कार्यक्रम ल्याईने छ ।
१०. पूर्ण संस्थागत सुत्केरी" (No Home Delivery) गराउने कार्यलाई निरन्तरता दिइनेछ । गर्भवती महिलालाई प्रसुतीको लागि नगरपालिका क्षेत्र भित्रका बर्थिङ सेन्टरमा पुर्याउन निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ । साथै पालीकाबाट बाहीर रेफर भएका प्रसुतीलाई डडेल्धुरासम्मको एम्बुलेन्स खर्च उप्लब्ध गराईनेछ। यसको लागी मातृकोषको स्थापना गरीनुका साथै शव वहानको लागी आवश्यक व्यवस्था गरिने छ ।
११. बर्थिङ सेन्टरहरुमा कम्तीमा २ वटा SBA (दक्ष प्रसुती कर्मी) को ब्यबस्था गरीने छ ।
१२. ग्रामीण अल्ट्रासाउन्ड सेवालाई निरन्तरता दिईनुका साथै प्राथमिक स्वास्थ्य केन्द्र केशरपुर र सलेना स्वास्थ्य चौकीलाई नियमित ग्रमीण अल्ट्रासाउन्ड सेवा सेन्टरको रुपमा स्थापना गरीने छ ।
१३. स्वास्थ्यमा सबैको पहुँच पुर्याउन टाढाको बस्तीहरुमा नगर स्वास्थ्य क्लिनिक स्थापना गर्न आवश्यक पहल गरिनेछ । स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरिनेछ ।

१४. खोप सेवालाई गुणस्तरीय बनाउन लागि वाह्य खोपकेन्द्र निमार्ण गर्ने र पुर्ण खोप सुनिश्चितता गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१५. कुपोषण भएका बच्चाहरुको पहिचान गरी निःशुल्क उपचारको व्यवस्था मिलाइ आवश्यक मापदण्ड पुरा गरेर कुपोषणमुक्त वडा घोषण गर्ने कार्यको सुरुवात गरिनुका साथै विद्यालयमा जङ्कफुडलाई निरुत्साहित गरिने छ ।

१६. किसोर किसोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य अभिवृद्धिका लागि किशोरी समुह बनाई वालविवाह, छुवाछुत, भेदभाव अन्तको लागी परिचालन गरिनेछ ।

१७. निःशुल्क औषधि वितरणको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ । साथै औषधि वितरण साझा केन्द्रको लागी आवश्यक पहल गरिनेछ ।

१८. "स्वस्थ जीवनको लागि योग" भन्ने नाराका साथ विद्यालयहरुमा योगबारे अध्ययन अध्यापन गर्ने कार्यक्रम लागु गरिने छ।

१९. स्वास्थ्य बीमा कार्यक्रमलाई आम नागरीकले समेत लाभ लिन सक्ने गरी प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ। साथै स्वास्थ्य बीमाको लागी अल्लगै बिशेष औषधिको लागि आवश्यक औषधि वितरण कक्ष सञ्चालन गरिने छ ।

२०. महारुद्र र बिशालपुर स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापना गरी सेवा सूचारु गरिनेछ ।

२१. महिला स्वास्थ्य स्वयं सेविका संचार अभियान एवं Mobile स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ । उक्त कार्यक्रम नगर अन्तर्गतका महिला स्वयंसेविकाहरुको नगर संजाल वा आमा समुहबाट सञ्चालन गरिनेछ ।

२२. पोषणको अवस्था सुधारका लागि बहुक्षेत्रिय पोषण योजना कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२३. हाल समाजमा बढ्दै गइरहेको नसर्ने रोगहरु र मानसिक स्वास्थ्य समस्याहरुको न्युनिकरणको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

२४. प्राथमिक स्वास्थ्य केन्द्र केशरपुरमा रिक्त रहेको मेडिकल अधिकृतको पद पुर्ती कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२५. आवश्यकता अनुसारको बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

२६. आँखा उपचार केन्द्र सञ्चालनको लागि आवश्यक व्यवस्थापनका साथ निरन्तरता दिइने छ । साथै विद्यालय आँखा स्वास्थ्य कार्यक्रम एवं समुदायीक आँखा स्वास्थ्य कार्यक्रम संचालनमा ल्याईनेछ ।

२७. बालविवाह न्युनीकरणको लागि बिभिन्न सघं-संस्थाहरुसंग समन्वय तथा सहकार्य गर्नका साथै समुदायमा गठन गरिएका किशोरी समुहको क्षमता विकास गरी कार्यक्रम सफल पार्न आवश्यक पहल गरिने छ ।

२८. गर्भवती तथा सुत्केरीसङ्ग उपमेयर कार्यक्रम, सुनौला हजार दिनका आमा, बच्चा र किशोरिहरुको पोषण सुधारका लागी विशेष कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।

२९. स्वास्थ्य सेवाका अभिलेख प्रतिबेदनहरुका लागी ईन्टरनेट एवं ल्यापटप व्यवस्थापन गरि डिजिटलाईजेसन गरिने छ । साथै नगरपालिकाको प्रोफाईल सहीतको स्वास्थ्य डायरी तयार गरिनेछ ।

३०. यस नगरपालिकामा नगरस्तरीय ब्लड वैंक स्थापना गरिनेछ ।

३१. समुदायमा रहेको विभेदपुर्ण लिङ्ग छनौट गर्ने अभ्यासलाई अन्त गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ।

३२. फोहरमैला व्यवस्थापनको लागि डम्पीङ्ग साईट र आवश्यकता अनुसार सार्वजनिक शौचालयको निर्माण गर्ने अभियानलाइ निरन्तरता दिइने छ ।

३३. स्पाईनल ईन्जुरी, किड्नी, क्यान्सरका (Spinal injury, kidney, cancer) विरामीलाई उपचार खर्च दिने कार्यलाई निरन्तरता दिइने छ ।

३४. स्वास्थ्य संस्थाहरुबाट चौविस घण्टा सेवा प्रदान गरिने अभियानलाइ निरन्तरता दिइने छ ।

३५. अपाङ्गता व्यवस्थापन एवं मूलप्रवाहीकरणको लागी आवशयक कार्यक्रम ल्याईने छ ।

३६. स्वास्थ्य संस्थावाट चौबिसै घण्टा आकस्मिक सेवालाई व्यवस्थित तथा गुणस्तरिय सेवा सञ्चालनको लागी एवं थप प्यारामेडिक र स्वास्थ्यका कर्मचारीलाई उच्च मनोबलका साथ उत्प्रेणात्मक कार्यक्रम ल्याईने छ ।

३७. पोषण कार्यक्रममा स्थानिय लागत साझेदारी अनुसार बजेट विनियोजीत गरिने छ । साथै समुदायिक समूहप्रति उत्तरदायी बनाउदै लगिने छ ।आधारभुत स्वास्थ्य सेवा केन्द्र नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

३८. आपतीकालिन सेवा केन्द्र संचालनको लागी द्रुत प्रतिकार्य समिति र द्रुत प्रतिकार्य टोली गठन, परीचालन, जोखिम संचार ईकाई स्थापना एवं कार्यान्वयनको लागी जनशक्तिसहित व्यवस्थापन गरीने छ।

३९. नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको दैनिक जिम्मेवारी बाँडफाँडको कार्यतालिका सार्वजनिक हुने गरी कार्यालय सञ्चालन लगायत दैनिक सेवा प्रवाहमा सहजता ल्याउने व्यवस्था कार्यान्वयनमा निरन्तरता दिईनेछ ।

४०. एम्बुलेन्सलाई क श्रेणीमा रुपान्तरण गर्न पहल गरिनेछ ।

४१. सामुदायिक सिकाइ केन्द्रमार्फत आमा समुहहरुलाई विविध किसिमका सहयोगका कार्यक्रमहरु विस्तार गरिनेछन् ।

४२. मेलौली नगरपालिका अन्तर्गत स्वास्थ्य संस्था दर्ता नभएका वडाहरु (३, ६) मा आधारभूत स्वास्थ्य सेवा केन्द्र र वडा नं. १ को जर्कुमा रहेको वर्थिङ युनिटलाइ नगर स्वास्थ्य क्लिनिकमा दर्ता गर्ने र अन्य स्वास्थ्य संस्थाभन्दा टाढा रहेको समुदायको लागी आवश्यक्ताअनुसार नगर स्वास्थ्य क्लिनिक स्थापनाको लागि पहल गरिनेछ ।

४३. आयुर्वेद स्वास्थ केन्द्र, मेलौलीको सेवा विस्तार तथा स्तरोन्नतिका लागी आवश्यक पहल गरिनेछ ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक**

१. लैंगिक समता तथा सशक्तिकरणको माध्यमवाट विभेद, पछौटेपन, गरिवी, बेरोजगारी आदिको चपेटामा परेका महिला दिदी बहिनीहरुको जीवनस्तर अभिवृद्धि गरि समाजका हरेक क्षेत्रमा उहाँहरुको समानुपातिक, सक्रिय र अर्थपूर्ण सहभागिता अभिवृद्धि मार्फत उहाँहरुको आर्थिक तथा सामाजिक स्थिति सुधार गर्नेतर्फ नगरको महिला तथा वालवालिका विकास नीति केन्द्रित हुनेछ ।

२. महिला तथा बालमैत्रि नगर स्थापनाका लागी महिला, अपाङ्ग तथा बालअधिकारको संरक्षण, संबर्धन र प्रबर्धन गर्ने निति लिइने छ ।

३. महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक, पिछडिएका वर्गको जीवनस्तरमा सुधार ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

४. नगरपालिकाको योजना तथा सेवा प्रवाहलाई लैङ्गीक तथा समावेशि बनाउनका लागी प्रत्येक वर्ष लैङ्गीक समानता तथा समाजिक समावेशिकरण परिक्षण गरीने छ ।

५. नगरका किसोरिहरुका लागी जीवनउपयोगि शिक्षा र आत्मसुरक्षा तालिम सञ्चालन गरिने छ । नगरभित्र निर्माण गरिने संरचनाहरु लैङ्गिक तथा अपाङ्गमैत्रि बनाउन आवश्यक कार्यहरु गरिने छ ।

६. अपाङ्गता भएका व्यक्तिहरुको आय अर्जन र स्वावलम्बी जीवन यापन गर्न सिपमूलक तालिम संचालनका लागि संघ सरकार, प्रदेश सरकार तथा सम्बद्ध अन्य संस्थाहरुसँग आवश्यक सहकार्य गरिनेछ ।

७. एकल महिलाहरुको आत्मसम्मान बढ्ने आर्थिक विकास तथा स्वावलम्बनको कार्यक्रम सञ्चालनमा ल्याउनका साथै एकल महिला लक्षित सीपमूलक तालिमहरु संचालन गरिनेछ ।

८. यस नगरपालिकालाई छुवाछुत, छाउपडि प्रथा एवं भेदभाव मुक्त बनाउन सचेतना कार्यक्रम सञ्चालन गरिने छ । सो सम्बन्धि क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९. बालश्रम र बालविवाह मुक्त नगरपालिका बनाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

१०. सामाजिक तथा आर्थिक रुपमा पछाडि परेको वर्गलाई योजना छनौटदेखी प्रतिफल वितरणसम्मका चरणहरुमा न्यायसङ्गत तरिकाबाट सहभागि गराउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

११. अपाङ्गता भएका व्यक्तिहरुलाई सेवाप्रवाहमा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवा सुविधाहरु निशुल्क उपलब्ध गराइनेछ ।

१२. समाजमा पिछडिएका विपन्न महिलाहरुको आय आर्जनमा सुधार ल्याइ जिवनस्तर सुधार गर्न विभिन्न सिपमुलक तथा आयमुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१३. नगरपालिकाको बजेटलाई लैङ्गिक उत्तरदायी बजेट बनाउँदै लगिने छ ।

१४. नगरपालिका क्षेत्रमा हुने घरेलु हिंसा तथा लैङ्गिक हिंसालाई निरुत्साहित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. महिला सशक्तिकरणका लागी महिला उद्यमसिलता विकास कार्यक्रम सञ्चालन गरिने छ।

१६. महिला हिंसा विरुद्धको ६ दिने अभियान तथा अन्तराष्ट्रीय नारी दिवस जस्ता कार्यक्रमहरु लाइ सचेतना अभिवृद्धिमुलक कार्यक्रमका रुपमा पालिका स्तरमा सञ्चालन गरिने छ।

१७. घरेलु हिंसालाई निरुत्साहित गर्दै प्रधानमन्त्रि रोजगार कार्यक्रममा अधिकांश महिलाहरुलाइ सहभागि गराईने कार्यलाई निरन्तरता दिइने छ ।

१८. हेलो उपमेयर कार्यक्रमलाई ब्यवस्थापन गरी नगरपालिका भित्रबाट संचालन हुने ब्यवस्था मिलाईने छ ।

१९. बालबालिका र महिलाहरुको हकहित संरक्षणको लागी स्थापित भएका संस्थाहरु सित समन्वय र सहकार्य गर्दै संस्थागत सहयोगको प्रकृयालाई अगाडी बढाइने छ ।

२०. मानसिक सन्तुलन बिग्रेका बालबालिकाहरु तथा महिलाहरुलाई संरक्षण गृहसम्म पुर्याउन आवशयक प्रबन्ध मिलाइने छ ।

२१. जेष्ठ नागरिकहरुका लागी जेष्ठ नागरिकका हक अधिकार बारे जानकारि गराई उहाँहरुलाई अत्मनिर्भर तथा सम्मानका साथ बाच्न सक्ने वातावरण सिर्जनागर्न विभिन्न चेतना मुलक कार्यक्रमहरु संचालन गरिनुका साथै जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइने छ।

२२. ज्येष्ठ नागरीक परिचयपत्र वितरणका लागी आवशयक कार्यविधि तयार गरी परीचयपत्र वितरण गर्ने कार्यलाई व्यवस्थीत गर्दै लगीने छ ।

२३. नगरपालिकामा अवद्ध भई क्रियासिल समुहहरु लाई दर्ता, नविकरण तथा खारेज सम्बन्धी आवशयक प्रवन्ध मिलाइ समुहहरुलाई व्यवस्थीत र समुदायप्रति उत्तरदायि बनाउदै लगीने छ ।

२४. अपाङ्ग बालबालिकाका लागि अपाङ्ग बाल अस्पताल बनेपासंग समन्वय गर्दै उपचारका लागि व्यवस्था मिलाईनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फः**

१. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई आगामि आ.व. २०८१/०८१ देखी अनिवार्य रुपमा सबै वडा कार्यालयमा अनलाईन मार्फत थप व्यवस्थित गरिने छ ।
२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि जनप्रतिनिधिहरुलाई अभिमुखीकरण र वडा कार्यालयमा कार्यरत सम्बन्धित कर्मचारिहरुको लागि तालिम सञ्चालन गरिनेछ ।
३. विभागले उपलब्ध गराउने विधि/पद्दति अनुसार वडा स्तरबाट घटना दर्ता सप्ताह अभियान पद्धतीको विकास गरिनेछ ।
४. सूचना प्रविधिको अधिकतम प्रयोग गरि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई सुशासन कायम गर्ने एक माध्यमको रुपमा विकास गरी जनतालाई सरल, सहज एंवम् पारर्दशी सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाईने छ ।
५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि आएका गुनासो लाई व्यवस्थापन गर्नको लागि अनलाईनमा आधारित गुनासो व्यवस्थापन प्रणालीको प्रयोग गर्ने व्यवस्था मिलाईने छ ।
६. सहि व्यक्तिलाई सहि समयमा सहि रकम प्रदान गर्नका लागि "कोही नछुटुन, कोही नदोहोरिउन" भन्ने नारा लाई मुख्य उद्देश्य बनाई सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित र प्रभावकारी तरिकाले वितरण गर्दै लगिने छ ।
७. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत यस मेलौली नगरपालिकाको सेवा ईकाईमा कार्यरत एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकको लागि छ (६) महिना बरावरको पारिश्रमिक विभाग सँग प्रतिवद्धता भए वमोजिम यस नगरपालिका बाट उपलब्ध गराईनेछ ।
८. सामाजिक सुरक्षा लाभग्राहीहरुको लागी संघीय सरकारले ल्याएको निति अनुसार राष्ट्रिय परिचय पत्र तथा बायोमेट्रिक भेरिफिकेशनको कार्यलाई सहज गर्न आवश्यक कार्यहरुको अवलम्बन गरिने छ ।
९. सामाजिक सुरक्षा भत्ता प्रत्येक वडाहरुबाटै वितरण गर्नको लागी आवश्यक व्यवस्थापन सहित पहल गरिने छ ।

**ग) पूर्वाधार विकास तथा खानेपानी**

१. गर्ने कार्य अगाडी बढाईनेछ ।“वातावरण मैत्री पुर्वाधार विकास, मेलौली नगरपालिकाको प्रयास” भन्ने मुल नाराका साथ मेलौली नगरपालिकाका ९ वटै वडा कार्यालय सम्मको सडक स्तरोन्नती गरिनेछ ।
२. मेलौली नगरपालिकाको सिमा क्षेत्रमा पूर्व र पश्चिम क्षेत्र सहित ग्वाल्लेक केदार क्षेत्र प्रवेशद्वारमा स्वागत गेट निमार्ण गरिनेछ ।
३. मेलौली नगरपालिकाका योजनाहरु रु ५ लाख भन्दा माथिका मात्र कायम गरिनेछ ।
४. बजेट कार्यान्वयन तालिका बनाई लागू गरिनेछ ।

५. योजना कार्यान्वयनका लागी टोल विकास समिती गठन गरिनेछ ।
६. टोल विकास समितीको क्षमता विकासका लागी अभिमुखीकरण तालिम सञ्चालन गरिने छ ।
७. रकमान्तर र शिर्षक परिवर्तन तथा संशोधन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
८. योजना अनुगमन, मूल्याङ्कन पद्धतिलाई गुणस्तर सित एकाकार गरेर अनुगमन मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिनेछ ।
९. मेलौली नगरपालिकाको सूचना तथा अभिलेख चुस्त दुरुस्त र व्यवस्थापन गरिनेछ ।
१०. प्रत्येक वडामा इन्टरनेट सेवाको चुस्त र दुरुस्त व्यवस्थापन गरि डिजिटल पालिका निमार्णका लागी आवश्यक व्यवस्था मिलाएर द्रुत गतिमा काम गर्ने परिपाटीको विकास गरिनेछ ।
११. शहरी योजना तथा भवन निमार्ण संहिता, २०७२ कडाईका साथ लागू गरिनेछ ।
१२. एक घर एक धाराको व्यवस्था गरिनेछ ।
१३. नगर गौरवका योजनाहरू सुचिकृत गरिनेछ।
१४. नगरपालिका क्षेत्रका कृषि योग्य जमिनमा कृषि प्रवर्द्धन गर्न सिचाई पूर्वाधार निर्माणलाई जोड दिईनेछ ।
१५. नगरपालिकाको क्षेत्रभित्र नयाँ भवन तथा योजनाको निर्माणमा भवन तथा योजना मापदण्ड लागू गरिनेछ ।
१६. आयोजनालाई वातावरण मैत्री बनाउन र प्रकृति संरक्षण कार्यक्रममा जोड दिन प्रति १ लाख योजना खर्चमा २% प्रोभिजनल सम राखी वृक्षारोपण कार्यमा खर्च गर्ने नीति लागु गरिनेछ ।
१७. विकास निर्माणका योजनाहरुमा गुणस्तर कायम गर्न नगरपालिकामा सिभिल ईन्जिनियरिङ ल्याब स्थापना गर्ने र निरीक्षण, अनुगमन तथा मुल्याङ्कन कार्यलाई प्रभावकारी बनाईनेछ ।
१८. भूमि बर्गिकरण गरी GIS Based म्याप तयार गरि भूमि व्यवस्थापन नीति लागु गरिनेछ ।
१९. भुकम्प प्रतिरोधी भवन निर्माणमा सीप विकास गर्न डकर्मी, सिकर्मी तालिम संचालन गरिनेछ ।
२०. नगरपालिकाको सडक यातायात गुरुयोजना तयार गरी सडक पूर्वाधार विकासलाई प्राथमिकीकरण गरी कार्यान्वयन गरिनेछ ।
२१. नगर क्षेत्रको फोहरमैला व्यवस्थापनको लागि आवश्यक नीति तथा पूर्वाधार निर्माण
२२. वडा कार्यालय भवन नभएको वडामा भवन निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
२३. नगरपालिकाको क्षेत्रभित्र निर्माण भएका सडकहरुको राइट अफ वे (Right of way) निर्धारण गरी सो क्षेत्रमा पुर्वाधार निर्माण नियमन गरिनेछ ।

२४. नगरपालिका अन्तर्गत संचालित सार्वजनिक यातायातका साधनहरुलाई पालिका अन्तर्गत दर्ता तथा सूचिकरण गर्ने कार्य अवलम्बन गरी व्यवस्थित भाडादर र सेवा सुचारु गर्न कार्यविधी बनाई लागु गरिनेछ ।

## घ) वन, वातावरण तथा विपद् ब्यवस्थापन

१) नगर क्षेत्रभित्रका सामुदायिक वनहरुमा भईरहेको अव्यवस्थित बसोबास र बनजंगल अतिक्रमण नियन्त्रण गरी हराभरा नगरपालिका निर्माण गरिनेछ ।

२) नगर क्षेत्र भित्र खाली रहेको स्थानमा संघ र प्रदेश सरकारको समन्वयमा जडीबुटी खेती र जडीबुटी उत्पादन कार्यक्रम संचालन गरी विपन्न समुदायलाई आर्थिक लाभ र रोजगारी उपलब्ध गराइनेछ ।

३) नगरपालिकामा रहेको विपद व्यवस्थापन कोषमा प्रत्येक वर्ष रकम थप गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ। नगर-स्तरीय विपद ब्यवस्थापन समिति र वडा स्तरीय विपद ब्यवस्थापन समितिलाई क्रियासिल बनाइनेछ र जनस्तरमा पूर्व तयारी प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ ।

४) विपद ब्यवस्थापनमा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श लगायत यस क्षेत्रमा क्रियाशिल सामाजिक संघसंस्थाहरुको सहकार्यलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तर अगाडी बढाइनेछ ।

५) विपद जोखिम न्यूनीकरणका लागी आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ । भैपरी आउने विपद ब्यवस्थापनका लागी साझेदारीमा तालिम कार्यक्रम संचालन गरिने छ ।उत्कृष्ट विपद व्यवस्थापन गर्ने नमुना पालिकाका अभ्यास आदानप्रदान गर्न भ्रमण, अवलोकन गरिनेछ ।

६) फोहोर ब्यवस्थापन कार्यलाई दिगो तथा प्रभावकारी बनाउन नागरिक सहकार्य गरिनेछ । टोल विकास समिति, आमा समूह, सहकारी समूह, स्वास्थ्य समूह, महिला समूह, युवा क्लव, जेष्ठ नागरिक समूहहरु मार्फत फोहोरको उत्पत्ती स्थलबाटै वर्गिकरण गर्ने कार्यलाई जोड दिईनेछ । फोहोरको समुचित व्यवस्थापन गर्न डम्पीङ साइट (Dumping site) निर्माण तथा पुनःप्रयोगको प्रवन्ध गरिनेछ ।

७) फोहोरलाई मोहोरमा बदल्ने कार्यक्रम सञ्चालन गरिनेछ । पर्यावरणलाई मध्यनजर गरी ल्याण्डफील्डसाइट निर्माणका लागि उपयुक्त स्थानमा वातावरणीय प्रभाव मूल्याङ्कन कार्य गरिनेछ ।

८) नगरको विपद् पोर्टल सञ्चालन गरिनेछ ।

९) नगरपालिकामा संघ, प्रदेश र स्थानीय राष्ट्रसेवक, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय जनसमुदाय र संघ संस्थाहरुको समन्वयमा वृक्षारोपणको कार्य अगाडि बढाईनेछ।

१०) यस नगरपालिकालाई सिसामुक्त र प्लास्टिकमुक्त बनाईने छ । यसका लागी स्थानियस्तरका मौलिक उत्पादन डोको, नाङला, कपडाका झोला, भिमल अल्लोका झोला, दुना, टपरी जस्ता उद्योग सञ्चालन गर्ने व्यवसायीहरुलाई प्रोत्साहन तथा अनुदानको व्यवस्था गरिनेछ ।

११) आगलागी, वन डढेलो तथा अन्य जोखिम नियन्त्रण गर्न सामुदायिक वनहरुमा अग्नी नियन्त्रण रेखा तथा छिमेकी पालिकाहरुसंग समन्वय गरी वारूण यन्त्र खरिद गरिनेछ।

१२) यस नगरपालिका क्षेत्रभित्र रहेका खानी उत्खनन्, वालुवा, ढुङ्गा, गिट्टी जस्ता सामाग्रीहरूको वातावरणीय अध्ययन गरी ठेक्का मार्फत आन्तरिक राजश्व वृद्धि गरिनेछ।

## ङ) कानून, सुशासन तथा संस्थागत विकास क्षेत्र

१. सार्वजनिक जवाफदेहिता, पारदर्शितालाई जनउत्तरदायि बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, नागरीक भेला, सामाजिक परिक्षण जस्ता सुशासन संयन्त्रको प्रयोगलाई थप प्रभावकारी बनाइने छ ।

२. नगरपालिकाभित्र रहेका श्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगरी सृजना जस्ता विवरणहरु समावेश गरी विद्युतीय पार्श्वचित्र तयार गरिनेछ ।

३. नगरपालिका भित्रका नागरिकहरूको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाइन प्रणालीको माध्यमबाटै गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली तयार गरी लागू गरिने छ ।

४. मेलौली नगरपालिकाको वर्षेनी करोडौं बेरुजु बढ्दै गइ २१७४३८०००।– (अक्षेरुपी एक्काइस करोड चौहत्तर लाख अठ्तीस हजार) पुगेकोले आर्थिक अनुसाशन कायम गर्दै सबै किसिमका वेरुजु शुन्य पुर्याउन “वेरुजु हटाउँ, बेरुजु घटाउँ” भन्ने नारालाई अभियानका रुपमा संचालन गरि नियमानुसार असुल उपर एवं फस्यौंट गर्ने कार्यलाई कडाइका साथ लागू गरिने छ ।

५. कार्यालय सञ्चालनलाई प्रभावकारी बनाउन कर्मचारीलाई पुरस्कार र नसिहत दिने व्यवस्थालाई निरन्तरता दिइने छ ।

६. जनप्रतिनिधी तथा कर्मचारीहरुको सिप तथा क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यलाई निरन्तरता दिई थप परिणाममुखी बनाउने निति लिइने छ ।

७. कार्यालयमा दरवन्दीको O&M सर्वेक्षण गरी शाखागत रुपमा आवश्यक जनशक्ति थप गरेर सबै कर्मचारीहरुको क्षमता विकास गरी चुस्त दुरूस्त सेवा प्रवाह गरिनेछ।

८. नगरपालिकाको कार्यालयबाट प्रवाह हुने सम्पुर्ण सेवा र विकास निर्माण सम्बन्धी कार्यमा हुन सक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तिलाई शुन्य सहनशिलताको निती आख्तियार गरी सो कार्यलाइ प्रभावकारी बनाउन प्रत्येक कार्यालयमा सुझाव पेटीका व्यवस्थित गरिने छ ।

९. आधारभूत वस्तु तथा सेवाको सहज आपुर्ति र गुणस्तर कायम गर्न उपभोक्ताहरुलाई समेत संलग्न गराई नियमित रूपमा बजार अनुगमन गर्ने ब्यवस्था मिलाइने छ ।

१०. जनप्रतिनिधी र कर्मचारीको क्षमता विकास गर्न र संस्थागत सवलिकरणमा योगदान पुर्याउन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

११. न्यायिक समितीको अधिकार क्षेत्र भित्रका विवादहरुको शिघ्र निरुपण गरि प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक निती तथा कानुनको प्रवन्ध मिलाइने छ । साथै न्यायिक समितीका पदाधिकारी तथा कर्मचारी एवं मेलमिलापकर्ताको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

१२. नगरसभाबाट हालसम्म निर्माण भएका ऐन, कानुनहरु संग्रहित गरेर स्थानिय कानुन संग्रह प्रकाशन गरिनेछ । प्रमाणित भएका ऐन, कानुनहरु नगरपालिकाको वेवसाइटमा राख्ने कार्यलाइ समेत निरन्तरता दिइनेछ ।

१३. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्धन र प्रवर्धनका लागि आवश्यक निती तथा कानून तर्जुमा गरी प्रवर्धनात्मक कार्यक्रम संचालन गरीने छ ।

१४. जनप्रतिनिधि कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहितालाई थप व्यवस्थित गरिने छ ।

१५. मदिरा नियन्त्रणका लागि आवश्यक कानुन बनाइ नियमन गरिने छ ।

१६. नगरपालिकाबाट जारी गरीने ऐन, कानुन र कार्यबिधि निर्माण प्रकृयालाई सहभागितामुलक बनाउँदै लगिने छ र त्यसका लागि आवश्यक पहल गरिने छ ।

१७. नगरपालीका अन्तर्गत रहेका सबै तहका कर्मचारीहरुलाई आवश्यक्ता अनुसार कार्यपालिकाबाट सरुवा, काज सरुवा गरी आवश्यक व्यवस्था मिलाईने छ ।

१८. नगरपालिकामा विषयगत शाखाहरुको स्थापना र विषयगत शाखाहरुलाई विषयगत समितिको सहकार्यमा कार्यक्रम कार्यान्वयनको अभ्यासलाई अनिवार्य व्यवस्थित गर्दै लगिनेछ ।

अब म माथिका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु।

आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि रु. **४९ करोड ७४ लाख ९८ हजार २ सय ५२** अनुमान गरेको छु ।

| क्र.स. | बजेट श्रोत | अनुमानित रकम |
|---|---|---|
| १ | राजश्व बाँडफाँड संघ | ९४,९००,००० |
| २ | राजश्व बाँडफाँड प्रदेश | ४,३६८,००० |
| ३ | वित्तीय समानिकरण सँघ | ९१,६००,००० |
| ४ | वित्तीय समानिकरण प्रदेश | ७,८८६,००० |
| ५ | शसर्त अनुदान संघ | २४४,८४१,००० |
| ६ | शसर्त अनुदान प्रदेश | ३,२५०,००० |
| ७ | विशेष अनुदान संघ | १०,०००,००० |
| ८ | विशेष अनुदान प्रदेश | ८,५००,००० |
| ९ | समपुरक अनुदान प्रदेश | ९,५००,००० |
| १० | सडक बोर्ड नेपाल पुजिगत | ६,०००,००० |
| ११ | आन्तरिक श्रोत | ६,६५३,२५२ |
| १२ | बैंक मौज्दात | १०,०००,००० |
| | कुल जम्मा | ४९७,४९८,२५२ |

यी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नगरवासी जनताको आर्थिक सामाजिक अवस्था परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा केही बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार आई सुशासनको अनुभूति हुने विश्वास लिएको छु ।

अन्त्यमा,

यस नीति कार्यक्रम एवम् बजेट निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोग गर्नुहुने आदरणीय नगर उप प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, विभिन्न राजनैतिक दल, उद्योग बाणिज्य संघ लगायत सरोकारवाला निकायहरु, सम्पूर्ण कर्मचारी साथीहरु र अमुल्य सल्लाह सुझाव दिनु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछु ।

भिम बहादुर चन्द<br>
नगर प्रमुख<br>
मेलौली नगरपालिका